# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७५।०६।१६ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

------------------------------------------------

सिरहा जिल्ला साविक गाविस को कार्यालय, देवीपुरका गाविस सचिव जीवनकुमार धितालले आर्थिक वर्ष ०७३/०७४मा सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत जेष्ठ नागरिक,असहाय,विधवा,अशक्त, अपाङ्ग तथा बालपोषणको रकम झिकी हाल सम्म पनि नबाँडेको र विकास निर्माणको सो आर्थिक वर्षको पहिलो किस्ताको रकम समेत झिकी हिनामिना गरेको हुँदा कारवाही गरिपाउँ भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा निजले गाविसको खाताबाट लक्षित कार्यक्रमको लागि निकासा भएको रकम रु.१८,३९,३५२।७५ (अठार लाख उनान्चालीस हजार तीन सय बाउन्न रुपियाँ पचहत्तर पैसा) बैंकबाट निकाली आफ्नो घरव्यवहारमा लगाइ सरकारी रकम दुरुपयोग तथा हिनामिना गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ बमोजिम कसुर गरेको देखिन आएकोले निजलाई बिगो रु.१८,३९,३५२।७५(अठार लाख उनान्चालीस हजार तीन सय बाउन्न रुपियाँ पचहत्तर पैसा) कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (च) बमोजिम सजाय हुन र निजले हिनामिना गरी मासेको बिगो रु.१८,३९,३५२।७५(अठार लाख उनान्चालीस हजार तीन सय बाउन्न रुपियाँ पचहत्तर पैसा) सोही ऐनको दफा १७ बमोजिम निजबाट असुलउपर हुन मागदावी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

(मदन कोइराला)
उपसचिव एवं सहायक प्रवक्ता